# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश, हेटौंडा

**प्रदेश निजामती सेवाको (प्राविधिक) अधिकृत एघारौं तहको पदहरूको ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

सूचना नं.: २९३/२०८०/८१ प्रकाशन मिति: २०८१/०३/१०

ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाको एघारौं तहका देहायका प्राविधिक पदका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को १(ज) बमोजिम ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि प्रदेश निजामती सेवा ऐन,२०७९ को तपसिल बमोजिम योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति **२०८१/०३/३०** गते सम्ममा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेब साइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय हेटौंडामा दरखास्त बुझाई सक्नु पर्नेछ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

क) प्रदेश निजामती सेवा ऐन,२०७९ बमोजिम उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यताहरू:-

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८(१)(ज) बमोजिम छुट्टिएको प्रतिशतमा सोही ऐनको दफा ८ को उपदफा (९,१०), दफा २९ र ३१ बमोजिम तोकिएको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ।

३. ईन्जिनियरिङ्ग सेवाको हकमा मिति २०८१।०१।३१ गते प्रदेश राजपत्रमा प्रकाशित सूचना बमोजिमको सेवा, समूह।

ख) दरखास्त दिँदा उम्मेदवारहरूले खुलाउनु पर्ने र संलग्न गर्नुपर्ने कागजातहरू:-

१) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५,३६,३७,३८,३९ र ४१ बमोजिम मूल्याङ्कन हुने आधारहरू सँग सम्बन्धित आफूसँग भएका कागजातहरू आफैले प्रमाणित गरी दरखास्त साथ पेस गर्नुपर्ने छ।

२) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने।

३) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ।

४) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

५) दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो ५(पाँच) वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयहरूको नाम खुलाउनु पर्नेछ।

६) हालको पद/श्रेणीमा अध्ययन विदा/असाधारण विदा/गयल कट्टी भएको भए सो विवरण खुलाउनु पर्नेछ।

७) शैक्षिक योग्यताको प्रमाणपत्र लगायत तालिमको विवरण भरी प्रमाणपत्र पेस गर्नुपर्ने छ।

८) आयोगबाट स्वीकृत दरखास्त फाराममा प्रविष्ट गरेका कागजातहरू पञ्जिका बनाई फाईल साथ पेस गर्नुपर्ने छ।

९) दरखास्त दस्तुर रु.२०००।(दुई हजार रुपैँया)बुझाएको बैंक भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्ने छ।

१० दरखास्त बुझाउने स्थान:-

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड- खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेड:- खाता नं. २७२०२००००१००१००००१
कार्यालय कोड:- २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)
राजश्व शिर्षक नं. १४२२४

जेष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवा सम्बन्धी विवरण:-

| क्र.सं. | ब.सू.नं. | पदको नाम | तह | सेवा | समूह/उपसमूह | माग पद सङ्ख्या | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | १४९/८०-८१ | अधिकृत | ११ | ईन्जिनियरिङ्ग | सिभिल/जनरल | १(एक) | २०८१/०३/३० |